# आयोगको मिति २०६४।४।२० मा भएको निर्णयबाट पर्यवेक्षण निर्देशिकामा संशोधन

१. पर्यवेक्षण निर्देशिकाको प्रकरण २.३ मा रहेको "......अनुमति दिन वा ........" भन्ने शब्दहरुको सट्टा "...... का लागि ......" भन्ने शब्द राख्ने ।

२. पर्यवेक्षण निर्देशिकाको प्रकरण २.८ मा निम्नानुसारको नयाँ प्रावधान राख्ने र साविकको प्रकरण २.८ र सो पछिको क.सं. सच्याउने ।

"२.८ अन्तर्राष्ट्रिय पर्यवेक्षक संस्थालाई सरकारलेमात्र आमन्त्रण गर्न सक्ने :

यस निर्देशिकामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि निर्वाचनको पर्यवेक्षण गर्न गराउन अन्तर्राष्ट्रिय संघ संस्थालाई नेपाल सरकारको तर्फबाट मात्र आमन्त्रण गर्न सकिनेछ ।

आयोगबाट स्वीकृत पाएका राष्ट्रिय पर्यवेक्षण संस्थाले निर्वाचन पर्यवेक्षणको लागि आयोगको सम्बन्धन प्राप्त अन्तर्राष्ट्रिय संस्थासँग सहकार्य गर्न सक्नेछन् ।"